# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**(संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय)**

पत्र संख्याः
च.नं

मितिः २०७५/१२/१०

श्री प्रमुखज्यू,
त्रिवेणी नलगाड नगरपालिका,
जाजरकोट ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट त्रिवेणी नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१९ लाख ७३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६ लाख ४० हजार, नियमित गर्नुपर्ने रु.४ लाख ६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ लाख ७३ हजार र पेश्की रु.६ लाख ५४ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १८ (अठार) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४/७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव-महालेखापरीक्षक

# लेखापरीक्षण प्रतिवेदन

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अर्न्तगत १३ वडा ७० जना नगरसभा सदस्य ३८७.४४ वर्ग किलोमिटर क्षेत्रफल तथा २५ हजार ५९७ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष:** आर्थिक वर्ष २०७४/७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **५७३४८५९.६४** | १ | **चालु खर्च** | २०२९६०५२१.०५ | **२०२९६०५२१.०५** |
| | क) साविकको गा.वि.स.को जम्मा गर्न वाकि रकम जम्मा | २८२४४८.८३ | | २ | **पूँजीगत खर्च** | १७५९१४१९३.०० | **१७५९१४१९३.००** |
| | ख) बैंक | ५४५२४१०.८१ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | **३०३३३२०.००** | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ३०३३३२०.०० | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | **३६०५९३०००.००** | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | २३४४८५०००.०० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १२६१०८०००.०० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | **धरौटी फिर्ता** | | |
| | घ) विशेष अनुदान | | | ६ | **कोष खर्च** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७ | **मौज्दात** | | |
| | क) वित्तीय समानीकरण अनुदान | | | | क) नगद मौज्दात | | |
| | ख) सशर्त अनुदान | | | | ख) बैंक मौज्दात | ४६०५२१७१.५९ | **४६०५२१७१.५९** |
| | ग) समपूरक अनुदान | | | | | | |
| | घ) विशेष अनुदान | | | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | | | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवा प्राप्ति | | | | | | |
| | ग) ब्याज प्राप्ति | | | | | | |
| | घ) अन्य प्राप्ति | | | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ८ | **ग्रामिण पूर्वाधार विकास कार्यक्रम** | ५४०००००.०० | **५४०००००.००** | | | | |
| ९ | **सामाजिक सुरक्षा** | ३२४९९०००.०० | **३२४९९०००.००** | | | | |
| १० | **साना सिंचाई** | १८०००००.०० | **१८०००००.००** | | | | |
| ११ | **एल.जी.सी.डी.पी.** | १४९९०००.०० | **१४९९०००.००** | | | | |
| १२ | **बहुक्षेत्रीय पोषण** | १४२२०००.०० | **१४२२०००.००** | | | | |
| १३ | **धरौटी आय** | ० | **०** | | | | |

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १४ | गरिविसग विश्वस्वर कार्यक्रम | १२८७०००.०० | **१२८७०००.००** | | | | |
| १५ | लगानीको साँवा फिर्ता | ० | **०** | | | | |
| १६ | अन्य विविध आय | १७७९७०६.०० | **१७७९७०६.००** | | | | |
| १७ | दुर्गम एवम विशेष क्षेत्र विकास कार्यक्रम | ३०२२०००.०० | **३०२२०००.००** | | | | |
| १८ | हेल्भेटास प्रयास कार्यक्रम | ६८५७०००.०० | **६८५७०००.००** | | | | |
| | **जम्मा** | ४२४९२६८८५.६४ | ४२४९२६८८५.६४ | | **जम्मा** | ४२४९२६८८५.६४ | ४२४९२६८८५.६४ |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १. | **प्रोदभावी लेखा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन। यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको यथार्थ स्थिति देखाउँदैन भने शीर्षकगत खर्चको स्थिति समेत विश्लेषण गर्न सकिएन। | |
| २. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) अनुसार स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर नगरपालिकाले यस वर्ष आफ्नो  आय र व्ययको आन्तरिक लेखापरीक्षण गराएको छैन। त्यसैले आगामी दिनमा नगरपालिकाले तोकिए बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ। | |
| ३. | **बजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारित गर्नुपर्ने व्यवस्था छ। जस अनुसार उपमेयर श्री बाल कुमारी बस्नेतले मिति २०७४/०४/०७ गते रु.३४,४५,४८,०००.०० बजेट नगर सभा समक्ष पेश गर्नु भएकोमा सोही दिन नै बजेट पारित गरी सोही मितिमा नै प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको छ। | |
| ४. | **क्षेत्रगत बजेट र खर्चको स्थिति:** मिति २०७४/०४/०७ मा नगरसभाबाट पारित वित्तीय सामानीकरण तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छ। | |

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८४९७९८४.०० | ७९५५४२०.०० | ५.२३% |
| २ | पुर्वाधार विकास | ७४२२८१८५.०० | ७१२८६५५०.०० | ४६.८२% |
| ३ | सामाजिक विकास | ६५२२८९७५.०० | ६१७५७८५५.०० | ४०.५६% |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ६१५९५१४.०० | २७९८१००.०० | १.८४% |
| ५ | संस्थागत विकास, सेवा प्रवाह सुशासन | ११३२४३९१.०० | ८४३८५०७.०० | ५.५५% |
| **जम्मा** | | **१६५४३९०४९.००** | **१५२२३६४३२.००** | **१००%** |

उपरोक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी बजेट पूर्वाधार विकास र सामाजिक विकासमा क्रमश: ४६.८२ प्रतिशत र ४०.५६ प्रतिशत बजेट खर्च भएको छ।

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ५. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगाबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी | |

| | | |
|---|---|---|
| | कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>• नगरपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन ।<br>• कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख अद्यावधिक र विश्वसनीय रुपमा राखेको छैन ।<br>• विगत वर्षको बेरुजु लगत अद्यावधिक गरेको छैन ।<br>• समायोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।<br>• मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत र विषयगत कार्यालयको जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिएको ।<br>• सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद इकाई गठन नगरेको तथा बार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही गरेको ।<br>• कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।<br>• नगरपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेखेको ।<br>• वडा भित्र संचालित योजना अनुगमन गरेको उल्लेख गरी अभिकतम् ७ दिन सम्मको दैनिक भ्रमण भत्ता भुक्तानी दिने गरेको ।<br>• नगरसभा, नगर कार्यपालिका, वडा समिति लगायतका बैठकहरुमा नियम विपरित बैठक भत्ता वापत खर्च लेख्ने गरेको ।<br>• साना योजनाको छनौट र संचालनबाट योजनाको प्रशासनिक खर्चमा वृद्धि भई मितव्ययीता कायम हुन सक्ने नदेखिएको ।<br>• अधिकतम् लाभ र प्रतिफल प्राप्त हुने गरी योजनाको प्राथमिकीकरण र संचालनमा पर्याप्त ध्यान नपुगेको ।<br>• उपभोक्ता समितिबाट भएका काममा लागत सहभागिता र अपनत्व वृद्धि गर्न तोकिएका व्यवस्थाको पालनामा ध्यान दिनुपर्ने ।<br>• उपभोक्त समितिलाई पेश्की दिंदा सार्वजनिक खरिद ऐन तथा नियमावलीले गरेको व्यवस्थाको पालना नभएको ।<br>• विकास निर्माण तथा योजना संचालन गर्दा वातावरण मैत्री ढंगबाट संचालनमा ध्यान दिनुपर्ने ।<br>• दरबन्दी अनुसार पदपूर्ती नहुँदा सेवा प्रवाहमा नकारात्मक असर परेको ।<br><br>त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई योजना तथा कार्यक्रम संचालनमा मितव्ययीता अपनाउँदै सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रीत गर्नुपर्ने देखिन्छ । | |
| ६. | **सेवा प्रवाह स्थिति** : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले स्थापना भएको नगरपालिकाबाट सेवा प्रवाह सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :<br>• नगरपालिकामा भपरपर्दो र विश्वसनीय ढंगले इन्टरनेट सेवाको पहुँच नरहेको ।<br>• नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको ।<br>• वडा सचिवको अभावमा वडा कार्यालयबाट प्रदान गर्ने सेवा समेत निर्वाध रुपमा संचालन हुन नसकेको ।<br>• नक्सा पास सम्बन्धी कार्यको थालनी नभएको । | |

- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी भएको अवस्थामा कार्यक्रमको औचित्य पुष्टि गर्न कठिन देखिएको ।

उपरोक्त कारणबाट स्थनीय तहबाट प्रदान हुने सेवा प्रवाह र जनताको अपेक्षा पूरा गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार, सूचना प्रविधिको पहुँच लागि तत्काल सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

७. **सिफारिस तथा घटना दर्ता :** यस वर्ष नगरपालिका र अन्तर्गतका वडा कार्यालयबाट सम्पादन भएका सिफारिस तथा घटना दर्ताको स्थिति देहाय बमोजिम छ ।

| क्र.स. | विवरण | सिफारिस संख्या |
|---|---|---|
| १ | नागरिकता सिफारिस | ९२५ |
| २ | घरबाटो सिफारिस | ० |
| ३ | नाता प्रमाणित | १३७ |
| ४ | जन्म र मृत्यु दर्ता | ११५० |
| ९ | अन्य सिफारिस | ४१३ |
| | **जम्मा** | **२६२५** |

८. **नक्सा पास :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तर यस वर्ष नगरपालिका नक्सा पास सम्बन्धी काम-कारबाही भएको छैन । त्यसैले तोके बमोजिम संरचना निर्माण गर्नुपूर्व नगरपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

९. **कानुन निर्माण र कार्यान्वयन** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अन्तर्गत लेखापरीक्षण अवधि सम्ममा नगरपालिकाले २२ वटा कानूनहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

१०. **कानून निर्माण खर्च :** गो.भौ. ६८८-२०७५/०३/२५, नगरपालिकासँग सम्बन्धित कानून निर्माणका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मस्यौदा कानून तयार गरी पठाएको सन्दर्भमा कार्यालयले कानूनको मस्यौदा निर्माण गर्न भनी परामर्श दाता श्री राजेन्द्र विक्रम शाहसँग सम्झौता गरी रु.४,०६,०००.०० भुक्तानी गरेको छ । कानुनी मस्यौदा तयार गर्ने परामर्शदाताको योग्यता सम्बन्धि विवरण माग गर्दा प्राप्त हुन सकेन । त्यसैले मन्त्रालयबाट कानूनको मस्यौदा प्राप्त भईसकेको अवस्थामा पूनः मस्यौदा बनाउन छुट्टै सम्झौता गरेको कार्यलाई औचित्यपूर्ण मान्न सकिएन । त्यसैले आवश्यकता र औचित्य पुष्टि नभई खर्च गरेको अनियमित देखिएको रकम रु. ४,०६,०००.००

११. **न्यायिक समिति र न्याय सम्पादन :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार नगरपालिकाको उप-मेयरको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको खर्च, समितिमा दर्ता तथा फछ्र्यौट भएका विवादहरु देहाय बमोजिम छन् ।

| यस बर्षको बजेट खर्च | दर्ता भएका विवाद | फछ्र्यौट भएका विवाद | फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|---|
| ४,८०,०००.०० | १२ | १२ | ० |

१२. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

(हजारमा)

| सि. | ब.उ.शि. | कूल खर्च | कुल खर्च | आषाढ महिनाको |
|---|---|---|---|---|

| नं | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | मात्र खर्च |
|---|---|---|---|---|---|---|
| १ | वित्तीय समानीकरण | २११५८९ | ३०४८५ | ७०८३८ | ११०२६६ | ३५५९५ |
| २ | सशर्त अनुदान शिक्षा | ९७५५५ | ३१०८५ | ३३६०५ | ३२८६४ | २०० |
| ३ | सशर्त अनुदान स्वास्थ्य | १७२१८ | ४७७० | ९८०१ | २६४८ | ५४ |
| ४ | सशर्त अनुदान कृषि र पशु | १४७९ | ५५४ | ४४३ | ४८१ | १११ |
| ५ | बहुक्षेत्रिय पोषण | १४२३ | ० | ० | १४२३ | १००० |
| ६ | दुर्गम क्षेत्र विकास समिति | १३६१ | ० | ० | १३६१ | १३६१ |
| ७ | साना सिचाई कार्यक्रम | २८५ | ० | ० | २८५ | ८६ |
| ८ | ग्रामिण विकास समिति | ५४०० | ० | ० | ५४०० | ३०७५ |
| ९ | सामाजिक सुरक्षा | ३२५३७ | १०६१२ | ११०५७ | १०४६८ | १०४६८ |
| १० | एल.जि.सी.डी.पी | १३९६ | २४० | १९५ | ९६१ | ५४८ |
| ११ | गरिविसँग विश्वस्वार | १२८७ | ० | ३५१ | ९३६ | ४२० |
| १२ | आयुर्वेद औषधालय | १३२७ | ३८८ | ४४५ | ४९३ | ९८ |
| ११ | हेल्वेटास प्रयास कार्यक्रम | ६४१७ | ० | २४८५ | ३९३२ | २४७७ |
| | **जम्मा** | **३७८८७४** | **७८१३४** | **१२९२२०** | **१७१५१८** | **५५४९३** |
| | **प्रतिशत** | **१००.००** | **२०.६२** | **३४.११** | **४५.२७** | **१४.६५** |

प्रस्तुत विवरण अनुसार तेस्रो चौमासिकमा ४५.२७ प्रतिशत र अषाढ महिनामा १४.६५ प्रतिशत रकम खर्च भएको छ। तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गर्दा जोखिमका क्षेत्रहरु बढ्न सक्ने, अनुगमन र सुपरभिजनमा कठीनाई हुने तथा कामको गुणस्तरमा समेत नकारात्मक प्रभाव पर्न सक्ने देखिएकाले यस्तो अवस्थामा सुधार गरी खर्च प्रणाली व्यवस्थित गर्नुपर्ने देखिन्छ।

१३. **सम्पत्ति लेखांकन :** नगरपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेका भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने सो गरेको पाईएन। कूल मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ।

१४. **सम्पत्ति हस्तान्तरण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन। यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ।

१५. **बरबुझारथ :** मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

१६. **जिन्सी दाखिला नभएको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ (१) अनुसार कार्यालयले खरिद गरी प्राप्त भएका जिन्सी सामानको ७ दिन भित्र आम्दानी बाध्नु पर्ने व्यवस्था छ । कार्यालयले सामान खरिद गरेकोमा उक्त सामान जिन्सी दाखिला नभएकाले जिन्सी आम्दानी बाँधी प्रमाण पेश हुनुपर्ने रु. ९२,४९६.००

| भौ.नं. र मिति | विवरण | रकम रु. |
|---|---|---|
| ८-०७५/३/२० | संघीय संरचना अ.ल्या. तर्फ शिक्षा मेसिनरी औजार तर्फ निशान कम्प्युटर ट्रेडर्सबाट क्यामेरा खरिद गरेकोमा दाखिला नभएको रु. | ९२४९६ |

१७. **कर्मचमरी व्यवस्था** : निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा विभिन्न पदमा रहने कर्मचारी दरवन्दी ९३ रहे तापनि लेखापरीक्षण अवधि सम्म पदपूर्ति ४४ जना तथा १३ वडा सचिवको दरबन्दीमा ५ जना को पदपूर्ती रहेको छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार कार्यालयको समग्र कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, सि.डी.ई, शाखा अधिकृत, लेखा अधिकृत, विद्यालय निरीक्षक, इन्जिनियर, आ.ले.प. अत्रिकृत, नायव सुब्बा, सव इन्जिनियर लागायतका पदहरु लामो समय देखि रिक्त रहेको देखिन्छ । जसबाट नगरपालिकाले प्रदान गर्ने सेवामा प्रत्यक्ष असर पार्ने देखिएकाले रिक्त दरबन्दी पदपूर्ती गर्ने तर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

१८. **लक्ष्य प्रगति स्थिति -**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रिय स्तरिय आयोजना मध्ये अधिकांश आयोजनाको उपर्युक्त नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण पेश गरेको देखिएन । त्यसैले तोकिए बमोजिम प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।

१९. **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सबै नगरपालिकाहरुले Sub-National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था अनुसार कार्यालयले उक्त प्रणालीमा लेखा स्रेस्ता अद्यावधिक गरी राखेको छैन । त्यसैले तोकिए बमोजिमको विद्युतिय प्रणालीमा लेखा स्रेस्ता राख्नु पर्दछ ।

२०. **वेरितको कर बिजक :** मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४(१) अनुसार प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई रितपूर्वकको बीजक दिनुपर्ने व्यवस्था छ । कार्यालयलबाट संचालित निम्नानुसारका योजनामा मू.अ. कर भुक्तानी गर्दा भुक्तानी गरेको मू.अ.कर दाखिला भएको भन्न सक्ने आधार भएन । अत: सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई निजको आर्थिक कारोबारको स्थिति जानकारी समेत गराई मू.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु. १,०५,९८९.००

| शिर्षक | भौ.नं र मिति | आपुर्तक | बिल नं | भुक्तानी | मु.अ.कर | कैफियत |
|---|---|---|---|---|---|---|
| कन्टीन्जेन्सी | २-०७४/९/२ | Serve Engineering Solutions Pvt. Ltd., Kathmandu | ००२ | २३९१०८ | २७५०८ | सर्भे सामाग्री खरिद गर्दा बीजक नं. हातले लेखेको |
| सं.सं., पू.वि.का. पूँजीगत | १-७४/९/३० | यूनिभर्सल होम कियर, सूर्खेत | - | ३७४२५६ | ४३०५६ | फर्निचर खरि गरेकोमा मू.अ.कर वीजक नं. उल्लेख नभएको । |
| | ३-७५/३/२४ | देउती स्टील फर्निचर उद्योग, सूर्खेत | २८८ | ३०७९२५ | ३५४२५ | फरक फरक बिल प्रयोग गरेको । |
| | | | | **जम्मा** | **१०५९८९** | |

२१. **पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२ (३) मा दिएको पेश्की तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारका व्यक्ति तथा निकायलाई योजना तथा कार्यक्रम सञ्चालन गर्न दिएको पेश्की फछ्र्यौट गरेको देखिएन । नियमाननुसार पेश्की अशुल फछ्र्यौट हुनुपर्ने रु. ६,५३,७७२.००

| क्र. सं. | बजेट शिर्षक | गो.भौ.नं. र मिति | पेश्की लिनेको व्यक्ति/संस्थाको नाम | विवरण | पेश्की रकम |
|---|---|---|---|---|---|
| १. | वित्तीय समानीकरण | २, २०७४/८/२९ | मधुरीमा कला केन्द्र | फिल्म निर्माण वापत | ९६००० |
| २. | वित्तीय समानीकरण | ६६, २०७४/१०/२२ | श्री खमान सिह | कार्यालय संचालन | १५०००० |
| ३. | | ८२.१,२०७४/११/१८ | श्री गंगा आर.सि. | कार्यक्रम संचालन | ११३२७२ |
| ४. | | ३२, २०७५/३/३० | श्री सन्तोष आले | कार्यक्रम भ्रमण खर्च | ९५००० |
| ५. | साना सिंचाई | २, २०७५/२/२४ | पायाखेत सिंचाई कुलो निर्माण उ.स. | सिंचाई कुलो निर्माण | १९९५०० |
| | | | | **जम्मा** | **६५३७७२** |

**ब.उ.शि.नं. ८०१८१८३ (चालु तर्फ)**

२२. **भ्रमण, अनुगमन तथा अन्य खर्च :** भ्रमण खर्च नियमावली, २०६४ मा सरकारी काममा भ्रमण तथा अनुगमन गर्दा अपनाउनु पर्ने विधि तथा त्यसको खर्च प्रक्रिया बारे विभिन्न व्यवस्थाहरु गरेको छ। यस वर्ष नगरपालिकाले बैठक भत्ता, भ्रमण तथा अनुगमन खर्च, खाजा खाना खर्च लगायतमा गरेको खर्चको व्यहोरा देहाय बमोजिम छन् ।

२२.१ **भ्रमण किफायती नभएको :** भ्रमण खर्च नियमावली, २०६४ को नियम (१) अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म भ्रमणलाई किफायती र कम खर्चिलो बनाउनु पर्ने उल्लेख छ । तर कार्यालयकले नियम १९ अनुसार दूरी प्रमाणित बेगर नगरपालिका भित्र समेत कर्मचारी विभिन्न नाममा काजमा खटाउने गरेको र भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीलाई वास्तविक काम र सोमा लाग्ने समयलाई वेवास्ता गरी प्रायः ७ दिनको काज स्वीकृत गरी सो अनुसार दैनिक भ्रमण भत्ता भुक्तानी गर्ने गरेको छ । जसबाट कार्यालयलाई अनावश्यक व्ययभार पर्ने तथा आर्थिक अनुशासनको पक्ष समेत कमजोर हुँदै जाने तर्फ जिम्मेवार पदाधिकारीहरुले तत्काल ध्यान दिई यस्तो प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

२२.२ कार्यालयबाट प्राप्त विवरण अनुसर आर्थिक कवर्ष २०७४/७५ मा नगरसभा, नगरकार्यपालिका, वडा समिति लगायतको बैठक भत्ता, अनुगमन भ्रमण, खाजा तथा विविध तर्फ गरेको खर्चको स्थिति देहाय बमोजिम छ ।

| जम्मा चालु बजेट | बैठक भत्ता | अनुगमन र भ्रमण भत्ता | नगरसभा /नगर कार्यपालिकाको खाजा खाना खर्च | जम्मा खर्च | चालु बजेटको तुलनामा खर्च |
|---|---|---|---|---|---|
| ४३८७०००० | २९६८४९० | ४७५०००० | २८००००० | १०५१८४९० | २३.९८% |

उपरोक्त विवरण अनुसार कार्यालयले रकम बैठक भत्ता, अनुगमन तथा भ्रमण खर्च, खाजा/खाना खर्च, विविध खर्चमा चालु खर्चको २३.९८ प्रतिशत खर्च गरेको छ । त्यसैले नगरपालिकाको रकम खर्च गर्दा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२२.३ **नियम विपरितको बैठक भत्ता :** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ अनुसार पदाधिकारीहरुलाई मासिक सुविधा उपलब्ध गराएको अवस्थामा निजहरुलाई तोकिए बाहेक नगर कार्यपालिका, नगर सभा, वडा समिति लगायतको बैठकमा उपस्थित भए बापत बैठक खर्च भुक्तानी दिने व्यवस्था छैन । तर नगरपालिकाले पदाधिकारी तथा कर्मचारीलाई कानून विपरित बैठक भत्ता उपलब्ध गराउदै आएको छ। २०७५ जेष्ठ र आषाढको नमुना श्रेस्ता परीक्षण गर्दा बैठक भत्ता बापत भुक्तानी भएको देहाय बमोजिमको रकम असूल गर्नुपर्ने रु. ९५,४५०.००

| क्र.स. | भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | १६२-०७५/२/६ | नगर कार्यपालिकाको कर बाहेकको बैठक भत्ता भुक्तानी रु. | ९५४५० |
| २ | २३७/७५/३/२० | नगर कार्यपालिकाको कर बाहेकको बैठक भत्ता भुक्तानी रु. | |
| ३ | विभिन्न | वडा समितिको जेठ र असार महिनामा मासिक २ वटा बैठकको ७ जना पदाधिकारीलाई प्रति बैठक कर बाहेक | |

| | | | | |
|---|---|---|---|---|
| | | | रु.८५०।०० का दरले भुक्तानी दिएको बैठक भत्ता रु. | |

- त्यसैगरी नगरपालिकाबाट अन्य महिनामा नियम विपरित भुक्तानी भएको बैठक भत्ता समेत एकीन गरी असूल गर्नुपर्दछ ।

२२.४ **अनुगमन खर्च** : कार्यालयले यस बर्ष वडा भित्र संचालित योजनाको अनुगमन वापत प्रत्येक वडालाई रु.७५,०००।०० का दरले भुक्तानी दिएको छ । तर वडा भित्रै संचालनमा रहेका त्यस्ता योजना अनुगमन गर्न अधिकांश पदाधिकारी तथा कर्मचारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी सो अनुसार खर्च लेख्ने गरेको छ । यसरी वडा भित्रका योजना अनुगमन वापत स्पष्ट आधार र मापदण्ड वेगर भुक्तानी दिएको देहाय बमोजिमको अनुगमन खर्च सम्बन्धित पदाधिकारीबाट असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु. १३,५६०.००

| क्र.स. | भौ.नं. र मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | २१४-०७५/३/२० | अ.स.ई. भगवती जैसीलाई २०७५।२।२ देखी २।८ सम्म भुक्तानी भएको दोहोरो अनुगमन खर्च असूल गर्नुपर्ने रु. | ४२०० |
| २ | २१४-०७५/३/२० | अ.स.ई. भगवती जैसीलाई २०७५।१०।१० देखी १०।१६ सम्म भुक्तानी भएको दोहोरो अनुगमन खर्च असूल गर्नुपर्ने रु. | ९४५० |
| | | **जम्मा** | **१३६५०** |

२२.५ **असम्बन्धित व्यक्तिको खर्च असूल गर्नुपर्ने :** आर्थिक कार्यविधि नियमावलीको नियम ३६ (३) अनुसार सरकारी रकम खर्च गर्दा सोको औचित्य पुष्टि हुने गरी बिल भर्पाइ सहितको लेखा राख्ने पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष कार्यालयसँग असम्बन्धीत व्यक्तिको नाममा भ्रमण आदेश स्वीकृत गरी अनुगमन खर्च भुक्तानी गरेको देखिन्छ । त्यसैले अन्य व्यक्तिका नाममा खर्च गर्ने प्रयोजनले मात्र भ्रमण आदेश स्वीकृत गरी खर्च लेख्ने कार्य उचित नदेखिएकाले देहाय बमोजिमको रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु. १,०९,४६०.००

| क्र.स | भौ.नं.र मिति | नाम र संस्था | विवरण | रकम |
|---|---|---|---|---|
| १ | ११८-०७४/१२/१७ | पत्रकार, श्री बद्री पन्त सगरमाथा टेलिभिजन | मिति २०७४।११।२०-१०।२६ सम्म अनुगमन गरेको जनाई अनुगमन खर्च भुक्तानी रु. | १२१०० |
| २ | १८५-०७५/२/३० | अनुसन्धान सहायक, धर्मराज ढकाल | मिति २०७५।२।२०-२।२६ सम्म अनुगमन गरेको जनाई अनुगमन खर्च भुक्तानी रु. | ८९०० |
| ३ | १८५-०७५/२/३० | अनुसन्धान सहायक, कर्ण बहादूर मल्ल | मिति २०७५।२।२०-२।२६ सम्म अनुगमन गरेको जनाई अनुगमन खर्च भुक्तानी रु. | ८९०० |
| ४ | १८९-०७५/२/३१ | पत्रकार, श्री बद्री पन्त सगरमाथा टेलिभिजन | अनुगमन गरेको जनाई अनुगमन खर्च भुक्तानी रु. | १२२१० |
| ५ | २२६-०७५/३/३० | पत्रकार श्री, वाशुदेव शर्मा, रेडियो हाम्रो पाइला एफ.एम. | मिति २०७५।१।१०-१।१६ सम्म अनुगमन गरेको जनाई अनुगमन खर्च भुक्तानी रु. | ११९०० |
| ६ | २६०-०७५/३/२८ | पत्रकार, भिम ब. सिंह, कान्तिपूर दैनिक | मिति २०७५।३।१०-३।१६ सम्म अनुगमन गरेको जनाई अनुगमन खर्च भुक्तानी रु. | १०००० |
| ७ | २६०-०७५/३/२८ | पत्रकार सहदेव बस्नेत, गोरखापत्र दैनिक | मिति २०७५।३।१०-३।१६ सम्म अनुगमन गरेको जनाई अनुगमन खर्च भुक्तानी रु. | १०८०० |
| ८ | १६-०७५/२/२५ | पत्रकार, श्री बद्री पन्त सगरमाथा टेलिभिजन | मिति २०७५।१।२६-२।३ सम्म अनुगमन गरेको जनाई अनुगमन खर्च भुक्तानी रु. | १२८५० |

| | | | | |
|---|---|---|---|---|
| ९ | ०७४/१२/२७ | पत्रकार हेमन्त के.सी., सचिव नेपाल पत्रकार महासंघ, जाजरकोट | मिति २०७५।४।२-४।८ सम्म अनुगमन गरेको जनाई अनुगमन खर्च भुक्तानी रु. | ८९५० |
| १० | १६-०७५/२/२५ (कन्टीन्जेन्सी चालु तर्फ) | पत्रकार, श्री दिप बहादूर घर्ती कोषध्यक्ष नेपाल पत्रकार महासंघ, जाजरकोट | मिति २०७५।१।२६-२।३ सम्म अनुगमन गरेको जनाई अनुगमन खर्च भुक्तानी रु. | १२८५० |
| | | | **जम्मा** | **१०९४६०** |

२३. **प्रोत्साहन भत्ता असुली :** २८०/०७५/३/३१, नगरसभाको निर्णय अनुसार विभिन्न ३६ जना कर्मचारीलाई प्रोत्साहन भत्ता स्वरुप ७ दिनको तलब प्रोत्साहन वापत जम्मा १,२१,१००.०० भुक्तानी भएको छ । तर नगरपालिकाले भौ.नं.२ मिति २०७५।३।३२ बाट अतिरिक्त समय कार्य वापत २० कर्मचारीलाई आन्तरिक आय तर्फबाट रु.५,००,०००.०० र भौ.नं. १२१ मिति २०७४।१२।१८ बाट बजेट तथा कार्यक्रम निर्माण वापत २ कर्मचारीलाई रु.५६,३९०.०० भुक्तानी गरेको छ । त्यसैले अतिरिक्त समय कार्य वापत भुक्तानी भएको अवस्थामा पूनः प्रोत्साहन भत्ता वापत खर्च लेख्नु उचित नदेखिएकाले ३६ कर्मचारीलाई भुक्तानी भएको प्रोत्साहन भत्ता रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु. १,२१,०००.००

२४. **आर्थिक साहायताः** कार्यालयले बित्तीय समानीकरण चालु खर्च तर्फ उद्दार, राहात तथा पुनस्थापना खर्च शीर्षकबाट खर्चको विल भरपाई राखी नगरकार्यपालिकाको विभिन्न मितिको निर्णय अनुसार रु.३,७५,०००.०० आर्थिक सहायता वितरण गरेको छ । यस्तो सहयोग उपलब्ध गराउँदा यसको दुरुपयोग नहुने स्थिति तर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ ।

**ब.उ.शि.नं. ८०१८१८३ (वित्तीय सामानीकरण तर्फ पूँजीगत)**

२५. **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । नगरसभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७४/७५ को अध्ययन गर्दा नगरपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । नगरपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| १ लाख सम्म | १ देखि २ लाख सम्म | २ देखि ३ लाख सम्मका | ३ देखि ४ लाख सम्मका | ४ देखि ५ लाख सम्मका | ५ देखि १० लाख सम्मका | १० लाख भन्दा बढिका | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २०५ | १०२ | ७२ | ८० | ९४ | ७७ | २२ | ६५२ |

उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष रु.५ हजार देखी रु. ४० लाख सम्मका जम्मा ६५२ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनीका मात्र ५५३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रवाही नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पार्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

२६. **उपभोक्ता समितिबाट निर्माण कार्य :** उपभोक्ता समितिबाट भएको निर्माण कार्यको परीक्षण गर्दा देखिएको व्यहोराहरु यस प्रकार छन् :

- **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनाको बजेटको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।

- **मेसिनको प्रयोग :** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण वा संचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको

हुँदा मेसिन प्रयोग गर्नुपर्ने भनि प्राविधिकबाट सिफारीस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिकाले अधिकांश ग्रामिण सडक निर्माणमा मेसिनबाट काम गराउने भनि लागत अनुमान तयार गरि उपभोक्ता समितिबाट मेसिन प्रयोग गरि काम गराएको देखियो । श्रमप्रधान काम उपभोक्ता समितिबाट गराउनुपर्ने नियमावलीको मनसाय भएतापनि अधिकांश बाटो निर्माणको काम मेसिनबाट गर्ने गरी लागत अनुमान तयार गरी काम गराएबाट मेसिन प्रयोग नहुने काम उपभोक्ताबाट गराउने नियमको मनसाय पालना भएको देखिएन । त्यसमा नगरपालिकाले ध्यान दिनुपर्दछ ।

- **लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदनको रकममा समानता :** सार्वजनिक खरिद नियमावली २०६४ को ९७ उपनियम (११) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ । नगरपालिकाबाट संचालित योजनाहरुमा प्राविधिकहरुबाट नाँपजाच भएको अधिकांश निर्माण कार्यहरुको लागत अनुमानसँग समान हुने गरी कार्यसम्पन्न भएको देखाईएको छ । जसबाट स्थलगत रुपमै वास्तविक नाँपजाच भएको हो र नभएको कामको भुक्तानी भएको छैन भनि विश्वस्त हुने आधार भएन । यसरी नाँपजाच गर्ने प्रविधिकलाई जिम्मेवार बनाई निर्माण कार्यमा नियन्त्रण एवं सुधार गर्नुपर्दछ ।

- **लागत अनुमान एवं खर्चको यथार्थता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार लागत अनुमान तयार गर्दा स्थानीय जिल्ला दररेटलाई आधार लिई निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपलिकाले उपभोक्तालाई ५ प्रतिशत कन्टीन्जेन्सी कटाई भुक्तानी दिन मिल्ने गरी सभाबाट विनियोजित वजेट रकमको परिधिभित्र रही लागत अनुमान तयार गर्ने र सबै निर्माण कार्यमा लागत अनुमान अनुसारको दररेट कै आधारमा नापी किताब र कार्यसम्पन्न तयार गर्ने गरेको छ । निर्माण स्थलको संरचना, माटोको प्रकार लगायत कार्यमा पर्नसक्ने फरकता समेतको विचार नगरी लागत अनुमान अनुसारको कार्य सम्पन्न गर्ने गरेको छ ।

- **भुक्तानी रकम र वास्तविक खर्च :** प्राविधिकले स्थलगत नाँपजाचका आधारमा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको, अनुगमनले यथार्थ कार्यको पुष्टी हुने गरी अनुगमन प्रतिवेदन गरेको प्रति आश्वस्त हुन नसक्नुका साथै खर्च भएका बील भरपाई र निर्माण कार्य बीच तालमेल नदेखिएकोले निर्माण कार्यमा भएको खर्च यथार्थता अनुसार वास्तविक नाँपजाचका आधारमा कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको छ भन्न सकिएन । साथै लागत अनुमान, उपभोक्ता विल तथा कार्यसम्पन्न प्रतिवेदनमा मानिसको काम उल्लेख नभएको अवस्थामा लागत सहभागिता देखाउने तथा इन्धन सहितको डोजर भाडा लिई भुक्तानी गरेको अवस्थामा पून: इन्धन विल पेश गरी भुक्तानी लिने तथा योजनाको लागत देखाउने गरेको छ । जसबाट योजनाको लागतमा वृद्धि हुने तथा लागत सहभागिता बेगर उपभोक्ता समितिले योजनाबाट रकम वचत गर्न सक्ने समेत देखियो । त्यसैले यस्तो कार्यमा संलग्न उपभोक्ता समितिका पदाधिकारी तथा नापजाँचमा संलग्न प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । नगरपालिकाले भुक्तानी दिएको रकम र उपभोक्ता समितिबाट प्राप्त स्रेस्ता कागजातको परीक्षण गर्दा वास्तविक लागत भन्दा बढी भुक्तानी भएका केही उदाहरण देहाय बमोजिम छन् ।

| क्र.स | योजनाको नाम | भुक्तानी भएको रकम (उ.स.को लागत सहभागिता कट्टा गरी) | भुक्तानी हुनुपर्ने रकम ( उ.स.को लागत सहभागिता कट्टा गरी) | खर्च परीक्षण आधारमा देखिएको वास्तविक खर्च |
|---|---|---|---|---|
| १ | छिपछिपे पानी चोचे मटखानी पारीगाँउ हुँदै रिजा सडक योजना | १६४१६००.०० | ५३९७४८.०० | ६७४६८५.०० |

| | | | |
|---|---|---|---|
| २ | बैरीतल, अनापानी, कल्पत पाली हुँदै रिम्ना जोड्ने सडक | ३९७४४००.०० | ११५६०६०.०० | २८१८३४०.०० |
| ३ | छैटका कैना सडक स्तरोन्नती | १९६३८४०.०० | ३३८४००.०० | ४२३०००.०० |

- **निर्माण कार्यको लगत:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले यस वर्ष संचालन गरेको सिंचाइ एवं खानेपानी योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । नगरपालिकाले गतविगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो ।
- **आयोजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमावलीको व्यवस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ ।

२७. **सर्वेक्षण खर्च तथा नर्म्स :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ ले सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा निकायले परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । कार्यालयले यस वर्ष मिति २०५६/०८/२९ मा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागबाट स्विकृत तथा अन्य विभागीय नर्म्स प्रयोग गरी खर्च लेखेको छ । जिल्लाको हालको भौगोलिक सुगमता र प्रविधि विकासको अवस्थामा झण्डै १९ वर्ष पूरानो सर्वे नर्म्सका आधारमा खर्च लेख्नु उपयुक्त देखिएन । साथै खर्च साथ पेश भएका बिल भर्पाइ र डोर हाजिर फारमको विश्वसनीयता समेतमा सुनिश्चित हुने आधार देखिएन । त्यसैले सर्वेक्षण गर्न पाउने पदाधिकारीको योग्यता निर्धारण तथा अधिकार प्राप्त निकायबाट स्विकृत अद्यावधिक नर्म्सका आधरमा मात्र सर्वे वापतको खर्च लेख्नु पर्दछ । यसरी पूरानो नर्म्स र विश्वसनीय आधार बेगर गरेको सर्वे खर्चका केही उदाहरणहरु देहाय बमोजिम छन् ।

| क्र.स. | भौ.नं. र मिति | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | २/०७४/९/२ | सेर्भ इन्जिनियरिंग प्रा.लि., काठमान्डौ । | २३९१०८.०० |
| २ | ३४/०७५/३/२२ | मिड वेस्ट इन्जिनियरिंग कन्सल्टेन्ट प्रा.लि., सुर्खेत | ४३२०००.०० |
| ३ | १६/०७५/३/३० | मोहन मल्ल-इन्जिनियर) र मोहन खड्का (स.इ.) | ८९००००.०० |
| | | **जम्मा** | **१५६११०८.००** |

२८. **कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) अनुसार कुनै निर्माण कार्य सम्पन्न भएपछी सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्विकृत ड्इङ्ग, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले यस आ.ब. मा देहायका विद्यालयलाई सार्वजनिक निर्माणका लागि भुक्तानी दिएकोमा निर्माण कार्य सम्पन्न गरी सोको कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन । त्यसैले निर्माण कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा भुक्तानी रकम असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु. ७५,०००.००

| क्र.स. | विद्यालयको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| २ | श्री सरस्वती प्रा.वि. | सौर्य प्रणाली जडान | ७५०००.०० |

२९. **विद्यालय अनुदान :** कार्यालयले नगरसभाको निर्णयानुसार यस वर्ष नगरपालिका भित्र रहेका ५४ विद्यालयलाई वित्तीय समानीकरण शिर्षकबाट रु.१,२५,००,०००.०० निकासा दिएको छ । उक्त रकमबाट विद्यालयले सोलार खरिद लगाएत भवन निर्माण, मर्मत संभार आदि कार्यमा खर्च गरेको छ । तर साविकको जिल्ला शिक्षा कार्यालय र हालको शिक्षा विकास तथा समन्वय इकाईबाट समेत

विद्यालयको भवन निर्माण तथा मर्मत सम्भारमा रकम निकासा हुँदै आएको अवस्थामा नगरपालिकाले इकाईसँग आवश्यक समन्वय नगरी नगरसभाको निर्णयानुसार रकम निकासा गरेको छ । त्यसैले कार्यालयबाट निकासा भएको रकम सही प्रयोजनमा खर्च भए नभएको तथा आवश्यकता रहे नरहेको सम्बन्धमा बजेट व्यवस्था गर्नुपूर्व नै ध्यान दिनुपर्ने देखिन्छ ।

३०. **अन्य संस्थालाई अनुदान :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा पर्याप्त आधार तथा प्रमाणका आधारमा मात्र भुक्तानी दिनुपर्ने तथा खर्च लेखाङ्कन गर्नुपर्ने उल्लेख छ । नगरसभाको निर्णय अनुसार विभिन्न संस्थाहरुलाई बजेट व्यवस्था गरी भुक्तानी गरेकोमा उक्त कार्यको आवश्यकता र औचित्य समेत मूल्यांकन नगरी भत्ता, खाजा, सामान खरिदमा मात्र खर्च गर्ने तथा बजेट खर्च गर्ने मनासयले मात्र खर्च गर्ने गरेको छ । त्यसैले यस प्रकारका संस्थालाई दिने अनुदान तथा खर्चको आवश्यकता र औचित्य बारे पूनःमूल्याकन गर्नुपर्ने देखिन्छ । यस्ता संस्था तथा कार्यमा गरेको खर्चका केही उदाहरण देहाय बमोजिम छन् ।

| क. स. | गो.भौ.न. / मिति | संस्थाको नाम | विवरण | रकम |
|---|---|---|---|---|
| १ | २- ७४/१०/८ | जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि. | कम्प्युटर खरिद | ४३२००.०० |
| २ | १४-७४/११/२० | दोस्रो जाजरकोट महोत्सव | कार्यक्रम खर्च | १०००००.०० |
| ३ | ६०-७५/३/२० | नेपाल पत्रकार महासंघ, जाजरकोट | भवन निर्माण खर्च | २०००००.०० |

**कृषि (प्रयास) कार्यक्रम तर्फ**

यस नगरपालिका अन्तर्गत सञ्चालित प्रयास कार्यक्रम अन्तर्गत भकारो सुधार, बाखाको खोर सुधार, बाखा पालन तालिम, कुखुरा पालन तालिम एवं अनुदानमा कृषि बिउबिजन बितरण लगाएतका क्रियाकलाप सञ्चालन गरेको छ । यस कार्यक्रममा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

३१. **प्रशिक्षण भत्ता :** <u>७०/२०७५/३/३२</u> र <u>१३/२०७४/११/२०,</u> नेपाल सरकार, अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७३ को ७.१.१५ को सि.नं.३ को स्पष्टीकरण खण्डमा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापत पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ । तर कार्यालयका तपसिल बमोजिमका कर्मचारीहरुले कार्यालयले सञ्चालन गरेको तालिममा कक्ष लिए वापतको परिश्रमिक लिएका छन् । त्यसैले नियमानुसार कार्यपत्रको पाउने रकम घटाई बढी भुक्तानी भएको असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने देखिएको पारिश्रमिक रु.. २८,३५०.००

| सि.नं. | पद नाम | विवरण | रकम (कर बाहेक) |
|---|---|---|---|
| १ | प्रा.स. श्री महेश कुमार विष्ट | मिति २०७५/२/०४ - ०९ मा ११ र २०७४ १०/२५ - ११/०३ का ७ गरी जम्मा १८ कक्षा | ११७००.०० |
| २ | ना.प्र.स. श्री लोकेन्द्र रावल | मिति २०७५/२/०४ - ०९ मा २ कक्षा | १७००.०० |
| ३ | ना.प्र.से.प्रा. श्री ललित चन्द | मिति २०७५/२/०४ - ०९ मा १/१ कक्षा | ६५०.०० |
| ४ | ना.प्र.से.प्रा. श्री भीम बहादुर खत्री | | ६५०.०० |
| ५ | ना.प्र.से.प्रा. श्री लाल बहादुर वली | | ६५०.०० |
| ६ | ना.प्रा.स. श्री रश्मी खड्का | मिति २०७४/१०/२५ - ११/०३ मा ८ कक्षा | ५२००.०० |
| ७ | ना.प्रा.स. श्री प्रतिक्षा बुढा | मिति २०७४/१०/२५ - ११/०३ मा १२ कक्षा | ७८००.०० |
| | | **जम्मा** | **२८३५०.००** |

३२. **असुल गर्नुपर्ने भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा दोहोरा भ्रमण खर्च लेख्न नपाइने र नेपाल सरकार, अर्थ मन्त्रालय कार्यक्रम संचालन निर्देशिका, २०७३ को ७.१.१ मा कार्यलय समय भित्र कार्यालयका कर्मचारीहरु मात्र बैठक बसी बैठक खर्च लेख्न नपाइने उल्लेख छ । तर कार्यालयले नियम विपरित तपसिल बमोजिमको बैठक भत्ता, सञ्चार महशुल तथा दोहोरो भ्रमण खर्च

| | | |
|---|---|---|
| | लेखेको पाइयो । त्यसैले प्रचलित कानूनी व्यवस्था विपरित हुने गरी भुक्तानी भएको तपसिल बमोजिमको रकम असूल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रकम रु. | ५८,६२०.०० |

<table>
<tr><th>क्र.स</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>असूल हुनुपर्ने रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>१२-०७४/११/१४</td><td>प्रा.स. श्री महेश कुमार विष्ट मिति २०७४/९/१३ देखि ९/१९ सम्म नेपालगंज काजमा रहेको</td><td>१७३२०</td><td>दोहोरो भ्रमण खर्च भुक्तानी भएको</td></tr>
<tr><td>३</td><td>६८-०७५/३/२०</td><td>तपसिल बमोजिममा मितिमा नगरपालिकाका कर्मचारी मात्र सहभागी भएको बैठक भत्ता तथा कार्यालय समयमा भएको बैठक भत्ता रकम रु.
<table>
<tr><th>विवरण</th><th>रकम रु</th></tr>
<tr><td>२०७४।८।१९ मा १६ कर्मचारीको कर बाहेकको रु.</td><td>१३६००</td></tr>
<tr><td>२०७४।९।४ मा ९ कर्मचारीको कर बाहेकको रु.</td><td>७६५०</td></tr>
<tr><td>२०७४।९।४ ३ कर्मचारीको कर बाहेकको रु.</td><td>२५५०</td></tr>
<tr><td>२०७४।९।६ मा ३ कर्मचारीको कर बाहेकको रु.</td><td>२५५०</td></tr>
<tr><td>२०७४।९।७ मा ३ कर्मचारीको कर बाहेकको रु.</td><td>२५५०</td></tr>
<tr><td>जम्मा</td><td>२८९००</td></tr>
</table></td><td>२८९००</td><td></td></tr>
<tr><td>४</td><td>३४/२०७५/३/२०</td><td>कर्मचारीलाई नियम विपरित भुक्तानी दिएको मासिक सञ्चार खर्च रु.
<table>
<tr><th>विवरण</th><th>रकम रु</th></tr>
<tr><td>असार महिनामा ९ जनाको</td><td>१८००</td></tr>
<tr><td>जेष्ठ महिनामा ९ जनाको</td><td>१८००</td></tr>
<tr><td>बैशाख महिनामा ९ जनाको</td><td>१८००</td></tr>
<tr><td>चैत्र महिनामा ९ जनाको</td><td>१८००</td></tr>
<tr><td>फागुन महिनामा ८ जनाको</td><td>१६००</td></tr>
<tr><td>माघ महिनामा ८ जनाको</td><td>१६००</td></tr>
<tr><td>पौष महिनामा ५ जनाको</td><td>१०००</td></tr>
<tr><td>मंसिर महिनाको ५ जनाको</td><td>१०००</td></tr>
<tr><td>जम्मा</td><td>१२४००</td></tr>
</table></td><td>१२४००</td><td>न.पा. तथा कृषि शाखाका कर्मचारीहरु मात्र बैठक बसी खर्च लेखिएको</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५८६२०</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | **पशु पन्छी शाखा तर्फ** | |
| ३३. | **कार्यक्रम संचालनमा समन्वय :** जिल्ला पशु सेवा कार्यालयले समेत पशु सेवा सम्बन्धि कार्यक्रम संचालन गरिरहेको अवस्थामा कार्यक्रम संचालन तथा लाभान्वित समूहमा दोहोरोपना तथा एकरुपता गर्न आवश्यक समन्वय हुनुपर्दछ । तर सम्बन्धित विषयगत कार्यालयसँग समन्वय नगरी कार्यक्रम संचालन गरिरहेको देखिएकाले यस सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउन तथा अनुदान तथा तालिम सम्बन्धी कार्यक्रमहरु सम्पूर्ण कृषकको पँहुच वृद्धि गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ३४. | **असुल गर्नुपर्ने बैठक भत्ता :** ३५/२०७५/३/१५, नेपाल सरकार, अर्थ मन्त्रालय कार्यक्रम संचालन निर्देशिका, २०७३ को ७.१.१ मा कार्यलय समय भित्र कार्यालयका कर्मचारीहरु मात्र बैठक बसी बैठक भत्ता वापतको भुक्तानी गर्न नपाइने व्यवस्था छ । कार्यालयले विभिन्न मितिमा खरिद गरेका औषधि तथा फनिर्चर चेक जाँच गर्न भनी कर्मचारी बैठक बसेको उल्लेख गरी भुक्तानी भरपाईका आधारमा भुक्तानी लिएको १३ वटा बैठकको कर बाहेकको भत्ता रु.८५,०००.०० सम्बन्धित कर्मचारीबाट असूल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु. | ८५,०००.०० |
| ३५. | **बढी भुक्तानीः** २७/२०७५/३/०३ र ३५/२०७५/३/१५, नेपाल सरकार, अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७३ को ७.१.१५ को सि.नं.३ को स्पष्टीकरण खण्डमा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापत पारिश्रमिक | |

| | | |
|---|---|---|
| | नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ । तर कार्यालयका तपसिल बमोजिमका कर्मचारीहरुले कार्यालयले सञ्चालन गरेको तालिममा कक्ष लिए वापतको परिश्रमिक लिएका छन् । त्यसैले नियमानुसार कार्यपत्र वापतको पाउने रकम घटाई बढी भुक्तानी भएको असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने देखिएको पारिश्रमिक रु.. | १४,३००.०० |

| सि.नं. | पद नाम | | रकम (कर बाहेक) |
|---|---|---|---|
| १ | ना.प्र.से. भिम बहादुर खत्री | मिति २०७५/२/१९ - २१ मा ३, २०-२२ मा ३ र ३/१५ मा ७ गरी जम्मा १३ कक्षा | ८४५०.०० |
| २ | ना.प्र.स. श्री लाल बहादुर वली | मिति २०७५/२/१९ - २१ मा ३ कक्षा | १९५०.०० |
| ३ | ना.प्र.से.प्रा. श्री ललित चन्द | मिति २०७५/२/२० - २२ मा ३ कक्षा | १९५०.०० |
| ४ | ना.प्र.स. श्री खम्बी रोकाय | मिति २०७५/२/२० - २२ मा ३ कक्षा | १९५०.०० |
| जम्मा | | | १४३००.०० |

**ब.उ.शि.नं ३६५०१५३ (सामाजिक सुरक्षा)**

३६. **सामाजिक सुरक्षा** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । यस वर्ष नगरपालिकाले रु.३,२१,३७,३००.०० सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

३६.१ (क) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ अनुसार तोकिएको मिति भित्रै सामाजिक सुरक्षा भत्ता वितरण गरेको छैन ।

(ख) लेखापरीक्षका क्रममा यस आ.ब. मा विभिन्न कारण लगत कट्टा भएका लाभग्राहीको संख्या एकिने र स्पष्ट हुने अद्यावधिक विवरण उपलब्ध हुन सकेन ।

(ग) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०६९ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छैन ।

त्यसैले सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिने यसको नगरपालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

३६.२ नगरपालिकाले यस बर्ष वितरण गरेका सामाजिक सुरक्षा भत्ता सम्बन्धी विवरण देहाय बमोजिम छ ।

| २०६८ को जनगणना अनुसार गा.पा.कोकुल जनसंख्या | वडा नं. | लाभग्राहीको संख्या | कुल जनसंख्याको आधारमा वडागत लाभग्राही प्रतिशत |
|---|---|---|---|
| २५५९७ | १ | ३६० | १.४१ |
| | २ | १५९ | ०.६२ |
| | ३ | १८७ | ०.७३ |
| | ४ | ११९ | ०.४६ |
| | ५ | १५८ | ०.६२ |
| | ६ | १६१ | ०.६३ |
| | ७ | २३६ | ०.९२ |
| | ८ | ३३६ | १.३१ |
| | ९ | २८५ | १.११ |
| | १० | १७५ | ०.६८ |
| | ११ | ८८ | ०.३४ |
| | १२ | २४५ | ०.९६ |
| | १३ | २१४ | ०.८४ |

| | | | |
|---|---|---|---|
| | **जम्मा** | **२७२३** | **१०.६३** |

**ब.उ.शि.नं. ८०१८१८३ (शिक्षा तर्फ)**

३७. **विद्यालयगत निकासा रजिष्टर :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन् भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता गरी राख्नु पर्दछ ।

३८. **बढी ग्रेड भुक्तानी** : <u>१०/२०७४/९/१२,</u> शिक्षा नियमावली, २०४९ को नियम १००(२) मा स्थायी शिक्षकले एक शैक्षिक सत्र पूरा गरेपछि नेपाल सरकारले तोके बमोजिमको एक तलब वृद्धि पाउनेछ व्यवस्था गरेको छ । जस अनुसार दोस्रो चौमासिकमा निम्नानुसारका स्रोत व्यक्तीलाई बढी ग्रेड भुक्तानी रकम कर्मचारी संचय कोष थप सहित सम्बन्धितबाट असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. ११,७६५.६०

| सि. नं | पद नाम | भएको | हुनुपर्ने | बढी | असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|
| १ | स्रोत व्यक्ति श्री योगन्द्र आर.सी. | १९०४०.०० | १३६९२.०० | ५३४८.०० | ५८८२.८० |
| २ | स्रोत व्यक्ति श्री ज्ञानेन्द्र सिंह | १९०४०.०० | १३६९२.०० | ५३४८.०० | ५८८२.८० |
| | **जम्मा** | **३८०८०.००** | **२७३८४.००** | **१०६९६.००** | **११७६५.६०** |

३९. **छात्रवृति वितरण :** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार कुनै पनि छात्रवृत्ति दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि अनुगमन गर्नुपर्दछ । कार्यालयले यस आ.ब. मा छात्रवृत्ति वापत विभिन्न विद्यालयहरुलाई रु.२३,७५,१००.०० निकासा दिएको छ । तर उक्त छात्रवृत्ति रकम दोहोरो परे नपरेको तथा तोकिएको प्रक्रिया अनुसार वितरण भए नभएको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट छात्रवृत्ति रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । त्यसैले कार्यालयबाट निकासा हुने छात्रवृत्ति रकम प्रदान गर्दा दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्यांकन हुनु पर्दछ ।

**स्वास्थ्य तर्फ**

४०. **ग्रेड रकम असूली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा पारित तलबी प्रतिवेदनको आधारमा ग्रेड खर्च लेख्न सकिने व्यवस्था छ । कार्यालयले तपसिल बमोजिका कर्मचारीलाई कोष तथा लेखा नियन्त्रक कार्यालय जाजरकोटबाट पारित तलवि प्रतिवेदन भन्दा बढी ग्रेड खर्च लेखेको देखियो । त्यसैले बढी भुक्तानी दिएको ग्रेड रकम सम्बन्धीतबाट असूल गरी दाखिला गर्नुपर्ने रु. ६,४२२.९२

| क्र.स | पद | कर्मचारीको नाम | विवरण | रकम |
|---|---|---|---|---|
| १ | सि.अ.हे.ब. | श्री प्रचण्ड कुमार कार्की | श्रावण देखि मंसिर महिनासम्म क.सं.कोष सहितको | ६४२२.९२ |
| | | | **जम्मा** | **६४२२.९२** |

४१. **स्थानीय भत्ता :** निजामती सेवा नियमावली, २०५० को नियम ९३ अनुसार कुनै कर्मचारी स्थानीय भत्ता पाउने स्थानमा बसी काम गरेको अवस्थामा मात्र त्यस्तो भत्ता पाउने व्यवस्था छ । अ.न.मी. श्री शोभा सिंहको मिति २०७४ चैत्र, २०७५ बैशाख, जेष्ठ र आषाढ महिनासम्म पनि कार्यालय अनुस्थित रहेको अवधिमा रु.१८,४००.०० खर्च लेखेको छ । त्यसैले सो अवधिको सम्बन्धित कर्मचारीबाट असूल गरी राजस्व दाखिला गर्नुपर्ने देखिएको स्थानीय भत्ता रु. १८,४००.००

४२. **पारिश्रमिक कर :** आएकर ऐन, २०५८ को दफा ८ मा बमोजिम पारिश्रमिक गणना गरी दफा ८७ बमोजिम पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले तपसिल बमोजिमको भुक्तानी गरेको पारिश्रमिकमा घटी कर कट्टा गरेको देखियो । यसरी घटी दाखिला भएको पारिश्रमिक कर असुल

गरी राजस्वमा जम्मा गर्नु पर्ने देखिएको रु. ४७,५६८.२९

| सि.न | पद | नाम थर | कूल आय रकम (बार्षिक) | छुट पछिको कर योग्य आय | दाखिला गर्नुपर्ने कर |
|---|---|---|---|---|---|
| १ | मे.अ. | डा. सञ्जय कुमार यादव | ६८०२७३.१९ | २३०२७३.१९ | ४७५६८.२९ |

## आन्तरिक आय तर्फ

४३. **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निधांरण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । कार्यालयको आर्थिक वर्ष २०७४।७५ को आन्तरिक आय र कन्द्रीय अनुदानको स्थिति देहाय बमोजिम छ ।

| जम्मा खर्च | केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|---|
| ३७८८७४७१४.०५ | ३७८८७४७१४.०५ | ३०३३३२०.०० | ०.७१% |

उपरोक्त विवरण अनुसार स्थानीय तहको कुल बजेट मध्ये आन्तरिक आयको हिस्सा ०.७१ प्रतिशत मात्र रहेको छ । त्यसैले नगरपालिकाको आन्तरिक आयको दायरा फराकिलो पार्ने तर्फ ध्यान दिनुपर्दछ ।

४४. **राजश्व :** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाको आन्तरिक आयको लेखापरीक्षण गर्दा देखिएका अन्य व्यहोराहरु देहाय बमोजिम छन् ।

४४.१ **आन्तरिक आयको लेखांकन :** लेखापरीक्षणको क्रममा नगरपालिका तथा अर्न्तगतका वडा कार्यालयबाट आम्दानी भएको राजस्वको स्पष्ट विवरण देखिने गरी अभिलेख नरहेको, प्रयोग भएका र वर्षान्तमा बाँकी रहेका नगदी रसीदको विवरण राखेको नदेखिएकाले संकलन हुनुपर्ने आन्तरिक आय, संकलन भएको रकम र दाखिला रकम भिडान गर्न सकिएन ।

४४.२ **दाखिला गर्न बाँकी आन्तरिक आय :** कार्यालयले संकलन गरेको आन्तरिक आय तोकिए बमोजिम राजस्व दाखिला गर्नु पर्दछ । यस वर्ष निम्नानुसारका वडा कार्यालय तथा विषगत शाखामा संकलन भएको आन्तरिक आय रकम लेखापरीक्षण अवधिसम्म पनि नगरपालिकाको संचित कोष दाखिला नभई सम्बन्धित शाखाका कर्मचारीहरुसँग नगदै रहेको देखियो । त्यसैले सम्बन्धित जिम्मेवार कर्मचारीहरु एकीन गरी नगरपालिका संचित कोष दाखिला गर्नुपर्ने बाँकी आन्तरिक आय रु.... ४२,०२८.००

| क्र.स. | विवरण | दाखिला गर्न रकम |
|---|---|---|
| १ | न.का.स. श्री नर बहादुर नेपाली | २१७००.०० |
| २ | लेखा सहायक श्री नविन सिंह | २०३२८.०० |
| | **जम्मा** | **४२०२८.००** |

४५. **वित्तीय जवाफदेहिता** : कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले **"सी"** ग्रेडिङ्ग प्राप्त गरेको छ । अत वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।

४६. **बेरुजू** : नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.४० लाख ७१ हजार, अनियमित बेरुजू रु.१ करोड ३० लाख ७८ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.१ करोड ६० लाख ७३ हजार र पेश्की बाँकी देखिएको रु.६ लाख ५४ हजार समेत रु.३ करोड ३८ लाख ७६ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भई रु.३ करोड १९ लाख २ हजार फछ्र्यौट भई रु.१९ लाख ७३ हजार बेरुजू कायम भएको छ ।

४७. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : **(रु.हजारमा)**

| गत वर्षको बेरुजू रकम (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | २२०६ | ० | २२०६ | | |

४८. **अद्यावधिक बेरुजू स्थिति :** गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : : **(रु.हजारमा)**

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी C | यो वर्षको सं. प.बाट कायम बेरुजू (D) | यो वर्षको कायम बेरुजू (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| २२०६ | ० | १९७३ | ४१७९ |

**अनुसूची– १**

# त्रिवेणी नलगाड नगरपालिकाको बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४/७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | जाजरकोट | त्रिवेणी नलगाड नगरपालिका | ३४ | २८ | ३३८७५ | ० | ११ | ३१९०२ | ३४ | १७ | १९७३ | ६४० | ४०६ | २७३ | ० | ० | १३१९ | ६५४ | ० | ६५४ |
| | | | | | | | | | | | | | | | | | | | | |

**अनुसूची- २**

# स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

**प्रदेश नम्बर :- कर्णाली प्रदेश**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १. | त्रिवेणी नलगाड नगरपालिका | जाजरकोट | ५७३५ | २३४४८५ | १७९८९४ | ४८१३ | ४१९१९२ | २०२९६१ | १७५९१४ | ० | ३७८८७५ | ४६०५२ |
| | | | | | | | | | | | | |